गौरीगंज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा शाखा
गौरीगंज, झापा
प्रदेश नं. १

पत्र संख्या : ०७७/०७८
चलानी नं. : १६६

मिति : २०७७/०६/०१

बिषय :सामाजिक परीक्षण समिति गठन गर्ने सम्बन्धमा।

श्री प्र.अ. ज्यू
सामूदायिक विद्यालय, सबै

प्रस्तुत बिषयमा विद्यालयको सम्पूर्ण गतिबिधिहरुको गुणात्मक र परिमाणात्मक परीक्षणका लागि विद्यालयहरुले विद्यालयको सामाजिक परीक्षण गराउनुपर्ने प्रावधान भएकाले यस गौरीगंज गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुले विद्यालयको आ.ब. २०७६/०७७ को सामाजिक परीक्षण असोज १५ गते भित्र सम्पन्न गरि प्रतिवेदन शिक्षा शाखामा बुझाउनुहुन अनुरोध गरिन्छ। साथै विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ गठन हुन नसक्ने अवस्था भएमा सामाजिक लेखा परीक्षण गर्नका लागि तपशील बमोजिमको ५ सदस्यीय बैकल्पिक सामाजिक परीक्षण समिति गठन गर्ने शिक्षा समितिको निर्णय भएकाले सोहि अनुसार विद्यालयको सामाजिक परिक्षण गर्न गराउनुहुन जानकारी गराइन्छ।

तपशील:

क) विद्यालयको मौजुदा तदर्थ समितिले तोकेको स्थानीय बुद्धिजीवीमध्येबाट मनोनित संयोजक
१ जना

ख) सम्बन्धित विद्यालयका अभिभावकहरूमध्येबाट कम्तिमा एक जना महिलाहुने गरी सदस्य
२ जना

ग) सम्बन्धित विद्यालयको बाल क्लबको अध्यक्ष वा निजले तोकेको विद्यार्थी प्रतिनिधि सदस्य
१ जना

घ) सम्बन्धित विद्यालयका शिक्षकहरूमध्येबाट प्र.अ.ले तोकेको शिक्षक सदस्य सचिव
१ जना

सुशील दाहाल
शिक्षा अधिकृत

इमेल : gauriganjgaupalika@gmail.com बेब साइट: www.gaurigunjmun.gov.np फोन नं. :- ०२३-४१२०४४